# अबको सूचना प्रविधि नीति र कार्यक्रम

**– विनय कुमार कसजू**

विश्वको नक्सामा सबैभन्दा अग्लो पर्वत कहाँ छ अथवा गौतम बुद्धको जन्मस्थल कहाँ छ भनी खोज्नु पर्दा नेपालको नक्सा खोज्नु पर्ने हुन्छ । त्यस्तै सूचना प्रविधिको विकास भएको भनेर चिनिने मुलक कहाँ छ भनी खोज्नु पर्दा नेपालको नक्सा खोज्नु पर्ने होस् भन्ने भावनाले प्रेरित भएर नै होला नेपालको पहिलो सूचना प्रविधि नीति, २०५७ तर्जुमा गर्दा “नेपाललाई सूचना प्रविधिको विश्व मानचित्रमा स्थापित गर्दै ज्ञानमा आधारित समाजमा रूपान्तरण गर्नु” नेपालको सूचना प्रविधि नीतिको भिजन (दूरदृष्टि) बनाइएको थियो । दस वर्षपछि सूचना प्रविधि नीति परिमार्जन गर्दा पनि उक्त भिजनलाई दोहोर्‍याएर राखिएको छ । तर दश वर्षअघि उक्त भिजन जति नजिक लाग्थ्यो अहिले त्यति नै टाढा देखिन्छ र निरन्तर टाढिँदै गएको छ ।

सूचना प्रविधि अपनाउने र विकास गर्ने विषय अब कुनै पनि देश र समाजको रोजाइको विषय भएन किनकि अब सूचना प्रविधिको प्रयोग बिना कुनै राज्य, सरकार र समाज चल्ने अवस्थै रहेन । कुनै देशले सूचना प्रविधि नीति बनाउँदैमा वा नबनाउँदैमा सूचना प्रविधिको उपयोग र विकासलाई रोक्न सक्ने अवस्था नै छैन । यसैले अब राज्य वा सरकारले सूचना प्रविधिको विकास गर्नका लागि नीति बनाउनु भन्दा पनि सूचना प्रविधिलाई राज्यले कसरी उपयोग गर्ने भन्ने नीति बनाउनु सान्दर्भिक र उपयोगी हुन्छ । नेपालमा सूचना प्रविधिको विकास गर्ने नाममा विगत केही वर्षमा भएका गतिविधिहरूलाई हेर्दा पनि यो कुरा स्पष्ट हुन्छ ।

अब राज्यले सूचना प्रविधिको विकासको नाममा अमूर्त कुरा तथा गोष्ठी, सम्मेलन, तालिम, विदेश भ्रमणमा जस्ता अनुपयोगी काममा खर्च गर्नु भन्दा ठोस काम गर्नु पर्छ । ती मध्ये निजी क्षेत्रले लगानी नगर्ने वा लगानी गर्न हिच्किचाउने क्षेत्र, खास गरी पूर्वाधार र जाशक्तिको निर्माणमा राज्यले स्रोत साधन लगाउनु पर्छ । अर्कोतिर नियन्त्रण र नियमनको क्षेत्रमा सकारात्मक ऐनकानुन, बनाउने, अनुगमनको ठोस र नियमित व्यवस्था गर्ने, सूचना प्रविधिको आधारमा हुने व्यवसाय र व्यापारलाई प्रोत्साहन दिने सहजकर्ताको भूमिका खेल्नु पर्छ ।

सूचना प्रविधिको उपयोग गरेर आर्थिक समृद्धिको फड्को मारिरहेका दुई छिमेकी देश, भारत र चिनको अनुभव र निकटताबाट नेपालले प्रचूर मात्रामा फाइदा लिन सक्छ । यो काम थाल्न निक्कै ढिला भइसकेको छ । वास्तवमा नयाँ नेपालको निर्माण र समृद्धिका लागि सूचना प्रविधिले खेल्न सक्ने भूमिकाका बारेमा सोच्न र उपयुक्त नीति बनाउनु अत्यन्तै महत्वपूर्ण विषय हो । तर यतातिर कसैको ध्यान गएको नदेखिनु विडम्बना नै मान्नु पर्छ ।

नेपालको दूरसंचार क्षेत्र चौध अर्ब रूपैयाँ राजस्व तिर्न सक्षम उद्योग बनिसकेको छ । झन्डै आधा जनसंख्याको हातमा मोबाइल फोन पुगिसकेको छ । राजस्व र उपभोक्ताको संख्यामा वृद्धि दर आगामी दिनहरूमा झन द्रुत गतिले बढ्ने कुरामा शंका छैन । तर यो वृद्धि र विकासको लाभ आमनागरिक र दुर्गम तथा ग्रामीण क्षेत्रमा बस्ने आमनेपालीले कसरी पाउँछन् ? यो कुरा सुनिश्चित गर्न ठोस कार्यक्रमको आवश्यकता भइसकेको छ ।

यस्तै गरी सूचना प्रविधिको सेवा उपलब्ध गराउने र उपभोग गर्ने सबै सरोकारवालाहरूको हित रक्षा गर्न, देशभित्र र बाहिरबाट हुन सक्ने साइबर अपराध, आक्रमण र आतंकबाट सरकारी तथा निजी क्षेत्रलाई जोगाउन प्रभावकारी उपाय अपनाउन पनि ढिला गर्न नहुने अवस्था छ । सुशासनका लागि अनलाइनबाट सेवा प्रदान गर्ने व्यवस्था सरल र सक्षम बनाउनका लागि यसका लागि एकातिर इगभर्मेन्ट अर्थात् सरकारका निकायहरूलाई अनलाइनमार्फत सेवा दिन सक्षम बनाउनु पर्नेछ भने अर्कोतिर इगभर्नेन्स अर्थात् शासन प्रशासनका सबै सरोकारवाला पक्ष,

आमजनतालाई पनि अनलाइनबाट सेवा लिन सक्ने, सक्षम बनाउन प्रभावकारी कार्यक्रमको आवश्यकता छ ।

यिनै परिप्रेक्षमा अबको सूचना प्रविधि नीतिमा राज्यले निम्नलिखित विषय र क्षेत्रमा केन्द्रित हुनु आवश्यक हुन्छ :

**१) नीति, कानुन, नियमन र नियन्त्रण :**

नीति, कानुन, नियमन र नियन्त्रण राज्यको जिम्मेवारी हो । तर सूचना प्रविधिलाई प्रवर्द्धन र संचालन गर्ने सबै जिम्मेवारी राज्यले लिने र संचालन गर्ने नीति लिनु हुँदैन । राज्यले निजी क्षेत्रलाई लगानी र संचालन गर्ने जिम्मा दिनु पर्छ । राज्यले लगानीका लागि उपयुक्त वातावरण बनाउनु पर्छ र सहजकर्ताको भूमिका खेल्नु पर्छ ।

सूचना प्रविधिको आधारमा हुने व्यापारिक तथा आर्थिक कारोबारलाई नियमन गर्नका लागि राज्यले उदार नीति र ऐनकानुन बनाउनु पर्छ भने साइबर अपराध नियन्त्रण गर्न प्रभावकारी ऐन कानुन र नियामक निकायहरू बनाउनु पर्छ । साइबर अपराध, साइबर आक्रमण र साइबर आतंकसँग जुझ्न र साइबर सुरक्षा प्रदान गर्न स्वतन्त्र निकाय गठन गर्नु आवश्यक छ ।

**२) पूर्वाधारको निर्माण र विकास :**

नेपालजस्तो विकासशील र कम लगानी भित्रिने देशमा राज्यकै सुचना प्रविधि, खास गरी दूरसंचारका पूर्वाधार निर्माण गर्नु राज्यकै प्रमुख जिम्मेवारी हुन्छ । आमजनतालाई ब्रोडव्याण्डसहितको इन्टरनेटमा सहज पहुँच पुर्‍याउनका लागि आवश्यक पूर्वाधारको विकास राज्यले गर्नु पर्छ । ब्रोडव्याण्ड इन्टरनेटको राष्ट्रिय ब्याकबोन निर्माण गरी हरेक गाउँमा कम्तीमा २ एमबीपीएस व्याण्डविथ क्षमताको कनेक्सन पुर्‍याउनु पर्छ । यसको मासिक शुल्क आमजनताले तिर्न सक्ने गरी तोक्नु पर्छ ।

गाउँमा बसेर संसारको कुनै पनि ठाउँको काम गर्न सक्ने गरी अनलाइन सुविधा उपलब्ध गराउने ठोस कार्यक्रम हुनुपर्छ । जहाँबाट पनि भिडियो कन्फ्रेन्स गर्ने र टेलिमेडिसिनको सुविधा पाउने व्यवस्था हुनु पर्छ ।

गाउँगाउँमा घरघरमा इबैंकिङ सुविधा र मोबाइल फोनबाट निरक्षरले पनि खाता संचालन गर्न सक्ने प्रविधि उपलब्ध गराउनु पर्छ । सूचना प्रविधि मार्फत् गरिने व्यवसाय र सेवाहरूमा महिलालाई प्राथमिकतासाथ रोजगारी उपलब्ध गराउने नीति र कार्यक्रम हुनु पर्छ ।

किसानले आफ्नो उत्पादको बजार र उचित मूल्य पाउनका लागि कृषि क्षेत्रमा सूचना प्रविधिको नवीनतम तथा किसान मैत्री उपयोगका उपायहरू ल्याउनु पर्छ ।

**३) जनशक्ति उत्पादन र इलिटरेसी :**

युवा जनशक्तिको पलायनलाई रोक्न सूचना प्रविधिको आधारमा हुने रोजगारीको सिर्जना गर्नु पर्छ । यसका लागि आवश्यक सक्षम जनशक्ति उत्पादन गर्नका लागि शिक्षा, तालिम आदिको व्यवस्था गर्नु पनि राज्यको काम हो । हरेक विद्यालयमा कम्प्युटर शिक्षा, अनलाइनबाट शिक्षा र हरेक विद्यार्थीलाई ल्यापटपको व्यवस्था गर्नु पर्छ । एक घरमा कम्तीमा एक जना व्यक्तिलाई सूचना प्रविधि साक्षर (इलिटरेट) बनाउने ठोस योजना ल्याउनु पर्छ ।

**४) इगभर्नेन्स :**

सबै कार्यालय डिजिटल प्रविधिमा संचालन गराउन सरकारले दक्ष, प्राविधिक तथा समर्पित युवाशक्तिलाई जिम्मेवारी दिनु पर्छ । सिंहदरबारका सबै कार्यालयहरू एक वर्षभित्र र अरू सरकारी

कार्यालयहरू चरणवद्ध र समयसीमावद्ध रूपमा डिजिटल प्रविधिमा संचालन गर्ने अठोट गर्नु पर्छ। गाविस सम्मबाट इगभर्नेन्स सेवा उपलब्ध गराउने नीति र कार्यक्रम हुनु पर्छ।

विद्यमान हुलाक कार्यालयहरूलाई सूचना प्रविधि मार्फत् सरकारी, आर्थिक, बैंकिङ, सूचना, शिक्षा र ज्ञानका सेवा उपलब्ध गराउने कार्यालयको रूपमा विकास गर्नु पर्छ।

**५) निःशुल्क तथा खुल्ला सफ्टवेयरलाई प्रोत्साहन :**

अहिले सरकारी तथा गैरसरकारी कार्यालयका नब्बे प्रतिशत भन्दा धेरै कम्प्युटर अवैध (पाइरेटड) अपरेटिङ सिस्टमबाट चलिरहेका छन्। अन्य कामका लागि पनि पाइरेटड सफ्टवेयर प्रयोग गर्नु सामान्य प्रचलन भइरहेको छ। एउटा बहुराष्ट्रिय कम्पनीका अपरेटिङ सिस्टम र अरू काममा सफ्टवेयरहरूलाई शिक्षालयहरूमा पनि सर्वमान्य कम्प्युटर प्रणालीको रूपमा स्वीकार गरी पढाइने गरिन्छ। यो स्थितिबाट सकेसम्म चाँडै मुक्त हुनु आवश्यक छ। यसका लागि निःशुल्क तथा खुल्ला सफ्टवेयर प्रवर्द्धन गर्ने नीति र कार्यक्रम बनाउनु जरुरी छ। नेपाली भाषामा इन्टरनेट चलाउनका लागि विशेष योजना ल्याउनु पर्छ।

सूचना प्रविधिले २१ औं शताब्दीको विश्वकै समग्र व्यवस्थालाई प्रभावित पारिरहेको छ भने नयाँ नेपालको निर्माणमा सूचना प्रविधिको भूमिकालाई बेवास्ता गर्न मिल्दैन। नेपालको भूपरिवेष्ठित स्थिति तथा वैदेशिक रोजगारमा अर्थतन्त्रको बढ्दो निर्भरता जस्ता विशेण कारणले पनि हाम्रो लागि सूचना प्रविधिको विशेष महत्व छ। यसलाई उपयोग गरेर देशको आर्थिक समृद्धि, सामाजिक रूपान्तरण तथा राजनीतिक स्थिरतालाई सुनिश्चित गर्न सकिन्छ। धन्यवाद।

साँचल, सानेपा, ललितपुर, २० अक्टोबर २०११